जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)–०३९/०४०
# नवीन साप्ताहिक
म.जि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ४१ अंक ३४ २०७९ साल चैत २६ गते आइतवार (9 Apr 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – **पृष्ठ २ मा :** ट्याक्टर पल्टिदा चालकको मृत्यु, ... **पृष्ठ ३ मा :** प्रधानमन्त्री प्रचण्ड नेतृत्वको सरकारको १०० ... **पृष्ठ ५ मा :** मधेश प्रदेश सरकारबाट एमालेका ...

# हरवाचरवा अधिकार माग्दै पैदलै राजविराजदेखी जनकपुर प्रस्थान

**राजविराज**/वर्षौंदेखी उत्पीडनमा परेका हरचवाचरवा अधिकार माग्न शनिबार मधेश प्रदेशको राजधानी जनकपुर पैदलै यात्रामा निस्केका छन् ।

राष्ट्रिय हरवाचरवा अधिकार मञ्च तथा राष्ट्रिय दलित नेटवर्कको अगुवाईमा निस्किएको पैदल यात्रालाई "हरवाचरवा अधिकार यात्रा" नाम दिदै राजविराजस्थित जनआन्दोलन चौकमा भेला भएका सप्तरी, सिरहा, महोत्तरी र धनुषाका हरवाचरवा जनकपुरका लागि निस्केका हुन् ।




राजविराजबाट जनकपुर १ सय २८ किलोमिटरको पैदलै निस्केको यात्रा टोलीमा राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका केन्द्रिय अध्यक्ष ७५ वर्षिय दशन मण्डलका साथै राष्ट्रिय दलित नेटवर्क नेपालका केन्द्रिय अध्यक्ष गणेश विश्वकर्मा, द फ्रिडम फण्डका कानुनी सल्लाहकार दयानन्द भट्टराई लगायत १ हजार ४ सय ४५ जनाको सहभागिता छ ।

"मुक्त हरवाचरवाको न्यायिक पुर्नस्थापना हाम्रो सरोकार, भूमि, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षा हाम्रो अधिकार" नाराका साथ पर्साको बिरगंजबाट पनि सोही समयमा जनकपुरका लागि हरवाचरवाको पैदल यात्रा हिडेको राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका राष्ट्रिय अध्यक्ष मण्डलले जानकारी दिए ।

उनले हरवाचरवा प्रथा मुक्ति घोषणा भएको ९ महिना बितिसक्दा पनि सरकार कार्यान्वयन गर्न गम्भिर नदेखिएकोले बाध्य भई अधिकार प्राप्तिका लागि सडकमा उत्रेको बताए । उनले २०७९ साल साउन २ गते सरकारले हरवाचरवा प्रथा मुक्तिको घोषणा गरे पनि त्यो व्यवहारमा कार्यान्वयन नभएको र कागजमै सिमित भएको बताए ।

राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका महासचिव लागेन्द्र सदाले हरवाचरवा प्रथा मुक्तिको घोषणा भएपनि पुर्नस्थापनाको कुनै काम सुरु नभएकोले सम्बन्धित सरोकारवालाको ध्यानाकर्षणका लागि यात्रा रोजेको बताए ।

उनले मुक्त हरवाचरवाको लगत संकलन, परिचयपत्रको व्यवस्था, बैंकको ऋण मिनाहा, आवश्यक सामाग्रिसहित शिपमूलक तालिम, भूमिहीनलाई भूमिको व्यवस्था, जातिय छुवाछुत गर्नेलाई कडा कारवाही तथा रोजगारी र सामाजिक समावेसिकरणको सुनिश्चितता लगायतका आफूहरुको प्रमुख माग रहेको बताए ।

राष्ट्रिय हरवाचरवा अधिकार मञ्चकी केन्द्रिय सदस्य गितादेवी सदायले निर्वाचनका बेला भोट माग्दै आउने नेताहरुले हरचवाचरवाको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, रोजगार, वास लगायतका हरेक पक्ष सवल बनाउन आवश्यक पहल गर्ने आश्वाशन बाडे पनि चुनाव जितेर गएपछि ती सबै बिर्सिने गरेको सुनाइन् ।

साहु महाजनको खेतीबारीमा काम गर्ने र बस्तुभाउ चराएपछि पाइने न्युन मजदुरीले आफूसहित जहान बालबच्चालाई एक छाक खुवाउन समेत कष्ट भोग्नु परिरहेको उनको भनाई छ ।

हरवाचरवाले सुरक्षित वास र परिवारका संख्याका आधारमा जग्गासहित पुन:स्थापित गराइनु पर्ने माग गर्दै दशकौदेखी संघर्ष गर्दै आएका छन् । त्यही सुनाउन प्रदेश राजधानी हिडेका उनीहरु जनकपुरमा आमसभा र त्यसपछि मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाउने तयारी गरेका छन् । त्यहा पनि सुनुवाई नभएमा जनकपुरमा भेला भएका प्रदेशका ८ वटै जिल्लाका हरवाचरवाका अगुवाको समिक्षा बैठकद्वारा थप दबाबका लागि काठमाडौं सम्मको पैदल यात्रा हुन सक्ने मञ्चले जनाएको छ । मधेश प्रदेशमा झण्डै १ लाख ५० हजार हरवाचरवा रहेको मञ्चले सार्वजनिक गरेको तथ्याङ्कले देखाएको छ ।

# मैथिली भाषालाई सरकारी कामकाजको भाषा रूपमा मान्यता दिनुपर्नेमा जोड




**राजविराज**/मैथिली साहित्य परिषद सप्तरीले १७ औ साधारण सभा एव मैथिल महिला परिषद तथा ९ औ साधारण सभा भकस्शनिबार राजविराजमा सम्पन्न गरेको छ ।

उद्घाटन सत्रमा कार्यक्रमका प्रमुख अतिथि रेल-वे निगम लि.का महाप्रबन्धक निरन्जन झाले मैथिली भाषालाई छायामा पारेर मथेशी भाषा भनेर भन्नु दुखद रहेको भन्दै मैथिली भाषाको बिकास र संरक्षण गर्न सशक्त भएर अगाडी बढनुपर्नेमा जोड दिएका छन् ।

सो अवसरमा पूर्वप्राचार्य तथा मैथिली महिला परिषदका संस्थापक अध्यक्ष मिना ठाकुरले मैथिली साहित्यिकको उत्थान र बिकाससँगै भाषिक अभियानलाई मजबुत बनाउनु पर्ने बताइन् । उनले मैथिली भाषलाई नेपाली भाषपछि संबैधानिक मान्यता दिनुपर्नेमा जोड दिइन् । सरकारी कामकाज भाषाको रूपमा मैथिलीलाई मान्यता दिनका लागि सबै एकजुट हुनुपर्ने बताइन् ।

कार्यक्रममा अन्तराष्ट्रिय मैथिली परिषदका उपाध्यक्ष करूणा झाले मैथिल भाषामाथि हुने प्रहारलाई तोड्न सबै एकजुट हुनुपर्नेमा जोड दिईन ।

मैथिली साहित्य परिषदका अध्यक्ष सतिश दत्तको अध्यक्षतामा आयोजित उद्घाटन सत्रमा भाषाबिज्ञ डा. सुर्या यादब, पुर्व अध्यक्षहरु देवेन्द्र मिश्र, बिष्णु मण्डल, बिवेकानन्द मिश्र, अशोक झा, उपाध्यक्ष श्यामसुन्दर यादब, नेपाल पत्रकार महासंघ केन्द्रीय सदस्य ललिता साह, पत्रकार अबधेश झाले मैथिली भाषाको बिकास र उत्थानका लागि तथा भाषिक अभियानमा सबै एकजुट भएर लाग्नुपर्नेमा जोड दिए ।

उक्त अवसरमा मैथिली साहित्य परिषद सप्तरीका आजिवन सदस्य तथा मैथिली भाषा अभियानी, संचारकर्मीहरूको उपस्थिती रहेको थियो भने कार्यक्रमको संचालन सचिव अजय झाले गरेका थिए । शनिबारै बन्द सत्रका कार्यक्रम हुने जनाइएको छ ।

## सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं।
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी साझा हितमा प्रयोग गरौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# बाल विवाह रोक्ने स्थानिय तहको प्रयास सह्रानिय

सप्तरीका विभिन्न स्थानिय तह अन्तरगत वडाहरुले बालविवाह रोक्ने तर्फ आफ्नो ध्यानाकर्षण गराएको छ। जिल्लाको सुरुङ्गा नगरपालिकाको एउटा वडाले बालविवाहलाई निरुत्साहित पार्न विवाह कार्डमा बेहुला बेहुलीको जन्म दर्ता अनिवार्य गरेको छ भने विवाहका लागि वडा कार्यालयबाट अनुमति लिनु पर्ने बाध्यात्मक निर्णय गरेको छ। यस्तो निर्णयले बालविवाह रोक्न अहम भूमिका खेल्ने छ। खासगरी दलित समुदायको बाल विवाह प्रथा अझै कायमै रहेको छ। मुसहर, चमार जस्ता जातिहरुमा केहि न्यूनिकरण भएपनि डोम समुदायमा हट्न सकेको छैन्। सदियौंदेखि चल्दै आएको परम्परा भएको भन्दै बाल विवाह रोकिन सकेको छैन्। यसतर्फ कसैले राम्रोसँग ध्यान समेत दिएको छैन्। सानैमा विवाह नगरिए जातियताबाट बहिष्कार र बुढापाकाहरुको गाली खेप्नुपरेका कारण सानो उमेरमा विवाह गर्नुपर्ने तर्क दिन्छन् दलित समुदायका अगुवाहरु।

बाल विवाहले बाल मनोबिज्ञानमा असर पार्दै जीवन राम्रोसँग व्यत्तित भइनरहेको बुझ्दाबुझ्दै पनि बाल विवाह परम्पराको रुपमा गरिदैं आइएको छ। अहिलेका बूढापाकाहरुले आफ्नो विवाह एक बर्षको उमेरमै भएको बताउँदै नाती नातीनालाई पनि कम उमेरमै विवाह गर्न अग्रसरता देखाइरहेका छन्। शिक्षा दिनुभन्दा विवाह गराइदिएर घरजम बसाउन लगाउने तथा बालबालिकालाई श्रम गर्न लगाउनेको समाजमा कमी छैन्। चेतनाकै अभावमा कम उमेरमा विवाह गरिरहेको भन्दा फरक नपर्ला। अहिलेको जमानामा पनि बालविवाहलाई नरोकिए भावी सन्ततीको जीवनस्तर राम्रो हुन सक्दैन्।

सर्वप्रथम शिक्षातर्फ त्यस्ता व्यक्ति र समाजको ध्यान आकृष्ट गर्नु बर्तमान समयका लागि जरुरी छ। कम उमेरमै विवाह गरेपछि बेहुला, बेहुलीको उमेर धेरैको फरक भएको र जसले दाम्पत्य जीवन सुखमय हुन नसक्ने उदाहरण हाम्रो समाजमा धेरै नै रहको छ। सानैमा विवाह गर्दा ठूलो भएपछि एकले अर्कालाई मन नपराउने, सानैमा गर्भवती भए आममा र बच्चा दुबैको स्वास्थ्य खतरातर्फ उन्मुख हुने र एकले अर्कालाई राम्ररीसँग चिन्न नसक्ने भएकाले बाल विवाहलाई निरत्साहित गर्नेतर्फ सबै लाग्नु पर्ने आवश्यकता रहेको छ।

# ट्याक्टर पल्टिदा चालकको मृत्यु, सवारी दुर्घटनामा दुईको ज्यान गयो



**राजविराज**/सप्तरीमा गत साता तीन स्थानमा भएको सवारी दुटनामा ट्याक्टर चालक, मोटरसाइकल चालक र पैदल यात्रीको ज्यान गएको छ।

जिल्लाको बोदेवर्साइन नगरपालिकामा गत आइतबार बिहान ट्याक्टर पल्टिदा चालकको मृत्यु भएको छ भने अर्को दुर्घटनामा बोलेरोको ठक्करबाट एक पैदल यात्रीको ज्यान गएको छ।

सो नगरपालिका वडा नं. ३ सारस्वरस्थित पुर्वारी टोलमा ट्याक्टर पल्टिदा चालक सोही वडाका २२ वर्षिय पंकज यादवको घटनास्थलमै ज्यान गएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

सारस्वरबाट धनगढीतर्फ जादै गर्दा अचानक अनियन्त्रित भइ सो दुर्घटना भएको प्रहरीले जनाएको छ।

यस्तै गत शनिबार जिल्लाको सुरुङ्गा नगरपालिका १ ईटा भठ्ठास्थित भेडियाबाट सिस्वारीतर्फ जादै गरेको बोलेरोले पैदल यात्रीलाई ठक्कर दिदा पैदल यात्रीको घटनास्थलमै मृत्यु भएको छ। स.१च.१४१९ नं. को बोलेरोले बिपरित दिशाबाट आईरहेको साईकल यात्री सोही नगरपालिका २ निवासी ६१ वर्षिय गम्भिर सिंह कार्कीलाई ठक्कर दिएको थियो।

घटनापछि चालक फरार रहेको तथा सहचालक स्थानिय १८ वर्षिय दिलीप सदालाई प्रहरीले नियन्त्रणमा लिएको तथा उक्त घटना वारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यसैगरि जिल्लाकै बोदेबर्साइन नगरपालिकामा बिहीबार मोटरसाइकल आफै अनियन्त्रित भएर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ भने एक जना घाइते भएका छन्। यस्तै अर्को मोटरसाइकल दुर्घटनामा एक महिला घाइते भएकी छिन्।

बोदेबर्साइन नगरपालिका २ बैरियास्थित बिषनपुर बोदेबर्साइन सडक खण्डमा उत्तरबाट दक्षिणतर्फ आँउदै गरेको को.१७प.९४७५ नं.को मोटरसाइकल आफै अनियन्त्रित भएर दुर्घटना हुँदा मोटरसाइकल चालक वाड नं. ५ निवासी १७ वर्षिय सागर पंडितको मृत्यु भएको हो।

प्रहरीका अनुसार घाइते पंडितको उपचारको क्रममा जिवन ज्योति अस्पताल बोदेबर्साइनमा मृत्यु भएको छ। यस्तै दुर्घटनामा मोटरसाइकल पछाडी सवार स्थानिय १५ वर्षिय सुमित पंडित घाइते भएका छन्। उनको सोही अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यस्तै बुधबार राजविराज वडा नं. ६ लिलजा टोलमा मोटरसाइकल आफै अनियन्त्रित भएर दुर्घटना हुँदा एक महिला घाइते भएकी छिन्। वडा नं. १६ बोरिया निवासी शंकर देवले चलाइरहेको स.४प.४४९० नं. को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुदा पछाडी सबार उनकी श्रीमती गौरी देव लडेर घाइते भएक छिन्।

उनको गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा उपचार पश्चात् थप उपचारका लागि युनिक अस्पताल लगिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# विषादी सेवन गरेका एक महिला र पुरुषको मृत्यु

**राजविराज**/सप्तरीमा विषादी सेवनका घटना निकै बढ्न थालेको छ। विगत केही दिनदेखी विषादी सेवन गर्नेको संख्या झण्डै दुई दर्जन पुगेको छ।

यसैबीच विषादी सेवन गरेका एक महिला र पुरुष गरि दुई जनाको मृत्यु भएको छ।

जिल्लाको कंचनरुप नगरपालिका वडा नं. ३ दास टोल निवासी २२ वर्षिय श्याम कुमार दासले विषादी सेवन गरे पश्चात् उपचारका क्रममा बिहीबार बिहान मृत्यु भएको प्रहरीले जनाएको छ।

विषादी सेवनको कारण खुल्ने नसकेको जनाउँदै प्रहरीले धान, गहुँमा हाल्ने अलमुनियम नामक बिषादी सेवन गरेका उनलाई गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा सामान्य उपचार पश्चात थप उपचारका लागि बिराट नर्सिङ होम बिराटनगर लगिएकोमा उपचारकै क्रममा बिहीबार बिहान मृत्यु भएको हो।

यस्तै राजबिराज नगरपालिका वडा नं ५ स्थित रन्जितपुरकी ३० वर्षिया अन्जु देवले नाम नखुलेको विषादी सेवन गर्दा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

बिषादी सेबन गरि बिरामी भई छिन्नमस्ता अस्पताल राजविराजमा उपचार पश्चात् थप उपचारका क्रममा बुधबार उनको धरानमा मृत्यु भएको प्रहरीले जनाएको छ।

बिहीबार जिल्लाको विष्णुपुर गाउँपालिका वडा नं. १ स्थित जमुनी बस्ने २७ वर्षिय बिरेन्द्र मुखियाले घरायसी बादबिबादको कारण नाम नखुलेको बिषादी सेबन गरेका छन्। विषादी सेवन गरेका उनको गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा उपचार भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यस्तै मंगलबार जिल्लाको शम्भुनाथ नगरपालिका ७ भगवतपुर बस्ने जगदिश सदाकी १६ वर्षिया छोरी पिंकी सदाले कपडा नकिनिदिएको विषयमा विषादी सेवन गरेकी छिन्। आफ्नै आमासँग कपडा नकिन दिएको बिषयलाई लिएर वादविवाद गरी मुसा मार्ने बिषादी सेवन गरेकी उनलाई सप्तरिषी अस्पताल लहानमा उपचारका लागि भर्ना गरिएको प्रहरीले जनाएको छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रधानमन्त्री प्रचण्ड नेतृत्वको सरकारको १०० दिनको उपलब्धि

**काठमाडौं**/सामाजिक न्याय, सुशासन र समृद्धिलाई प्रमुख प्राथमिकताका राखेको नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’को नेतृत्वमा गठित सरकारले मङ्गलबार एक सय दिन पूरा गर्दैछ ।

यस अवधिमा मुलुकको अर्थतन्त्रको पुनरुत्थान, राज्यका सबै तहमा सुशासनको प्रत्याभूति, विकास निर्माणकार्यमा तीव्रता, सेवा प्रवाहमा सरलीकरण, जनसेवा र जनसरोकारका मुद्दाको सम्बोधन, सामाजिक न्यायको प्रवर्द्धन तथा राष्ट्रियहितको अभिवृद्धि गर्ने उद्देश्यले सरकारले आफ्ना कामकाज अगाडि बढाइरहेको छ ।

माओवादी केन्द्रका अध्यक्ष दाहाल गत पुस १० गते प्रधानमन्त्रीमा नियुक्त हुनुभएको थियो भने पुस ११ गते पद तथा गोपनियताको शपथ लिई कार्यभार ग्रहण गर्नुभएको थियो । विभिन्न राजनीतिक दलको समर्थनमा निर्वाचित हुनुभएका प्रधानमन्त्री दाहाल नेतृत्वको सरकारले गत पुस २५ गते नेपाल सरकारको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रम जारी गरेको थियो ।

गत पुस २६ गते प्रधानमन्त्रीले विश्वासको मत लिने क्रममा प्रतिनिधिसभामा वर्तमान सरकारलाई अभूतपूर्व विश्वासको मत प्राप्त भएपश्चात राजनीतिक वृत्तमा राष्ट्रिय सहमतिको परिदृश्य देखिएको थियो । राष्ट्रिय सहमतिका निम्ति निरन्तर प्रयास गर्नुभएका प्रधानमन्त्री दाहाल नेतृत्वको सरकारबाट कतिपय राजनीतिक दलले बाहिरिने निर्णय गरे पनि १० दलको गठबन्धन भएको छ ।

सत्ता समीकरणमा फेरबदल भए पनि पछिल्लो पटक मन्त्रिपरिषद् विस्तार भएको छ । मन्त्रिपरिषद् विस्तारसँगै सरकारका नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रममा हेरफेर गर्ने तयारी गरिएको छ । प्रधानमन्त्री प्रचण्डको पछिल्लो एक सय दिनमा भए गरेका कामका उपलब्धि यसप्रकार छ ।

१) गत २०७९ पुस १८ र १९ गते दुई दिन नेपाल सरकारका सबै मन्त्रालय तथा केन्द्रीयस्तरका कार्यालयका सचिव र विशिष्ट श्रेणीका पदाधिकारीसँग आ-आफ्नो मन्त्रालय तथा निकायका प्रमुख काम र सम्बोधन गर्नुपर्ने मुख्य सबालका बारेमा छलफल गरी विभिन्न मन्त्रालय तथा निकायबाट तत्कालै कार्यान्वयनमा ल्याउनुपर्ने तथा सेवा प्रवाहलाई चुस्त बनाउन अविलम्ब गर्नुपर्ने कार्यका सम्बन्धमा विभिन्न निर्देशन पनि दिइएको थियो । सचिवलाई दिएको निर्देशन र प्रतिनिधिसभालाई सम्बोधन गर्ने क्रममा व्यक्त विचारहरू तथा वर्तमान सरकारको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रममा समेटिएका विषयलाई प्रभावकारी, परिणाममुखी र समयवद्धरूपमा कार्यान्वयनमा ल्याउन सम्बन्धित सरोकारवाला निकायको सहभागितामा एकीकृत कार्ययोजना तयार भएको छ । त्यसको प्रारम्भिक नतिजा आउन सुरु भइसकेका छन् भने कतिपय नतिजा केही समयपश्चात् जनताले अनुभूति गर्ने गरी आउनेछन् । एकीकृत कार्ययोजनाभित्र शासकीय सुधार, आर्थिक तथा पूर्वाधार, सामाजिक विकास र अन्तसम्बन्धित विषय समावेश छन् ।

(क) शासकीय सुधारका क्षेत्रमा संसद्को अधिवेशनमा प्राथमिकताका साथ पेश गरिने २८ विधेयक, प्राथमिकताका साथ तर्जुमा गरिने १० नियमावली र नीतिलगायत संरचनागत परिवर्तन र सुधारका लागि यातायात व्यवस्थापन प्राधिकरणलगायत विभिन्न आयोग, कार्यदल र समितिको गठन र प्रभावकारी जनसेवाका क्षेत्रको पहिचान र कार्ययोजनालगायत समाविष्ट छन् ।

(ख) आर्थिक तथा पूर्वाधार राजस्व चुहावट नियन्त्रण र सङ्कलनमा वृद्धि, चालु खर्च कटौती, आर्थिक पुनःसंरचनाका लागि आवश्यक संरचनागत सुधार, उद्यमशीलता विकास, स्वदेशी उत्पादनको प्रवर्धन र रोजगारी सिर्जनाका लागि ‘मेक इन नेपाल’को अवधारणा, ठूला आयोजनाको नतिजामूलक सूचक तयार पारी कार्यतालिका बनाई अनुगमन गर्ने, खाद्य आवास तथा खानेपानीको क्षेत्रका पूर्वाधार, ऊर्जा विकास, सार्वजनिक यातायात, सार्वजनिक यातायात र सडक पूर्वाधार, सुकुम्बासी समस्या समाधानको दीर्घकालीन कार्ययोजनालगायतका विषय समाविष्ट छन् ।

(ग) सामाजिक विकासको क्षेत्रअन्तर्गत गुणस्तरीय शिक्षा र शैक्षिक पूर्वाधारको विकास, स्वस्थ नेपाली निरोगी नेपालको अवधारणा, मर्यादित श्रम र सामाजिक संरक्षणसम्बन्धि विषय समावेश छन् ।

(घ) अन्तर्सम्बन्धित विषयअन्तर्गत महिला सहभागिता, सशक्तिकरण, समावेशिता, शान्ति प्रक्रिया र सङ्क्रमणकालीन न्याय, सङ्घीयता कार्यान्वयन र जनताको हितमा राज्य संयन्त्रको परिचालनलगायतका विषय समाविष्ट छन् ।

२) जनताको विकास र समृद्धिका सपनालाई पूरा गर्ने, मुलुकमा विकास निर्माणका कामलाई गतिदिने, अर्थतन्त्रलाई सङ्कटमुक्त बनाई आर्थिक क्रियाकलापलाई पुनःचलायमान र तीव्र बनाउने, वैदेशिक मुद्रा सञ्चिति, मौद्रिक तरलता र कर्जाको स्थितिमा सुधार गरी निजी क्षेत्रको मनोबल उच्च बनाउने, सार्वजनिक सेवा प्रवाहलाई थप चुस्त र नागरिक मैत्री बनाउने, भ्रष्टाचार र अनियमितता नियन्त्रण गर्ने तथा राज्यको सबै तह र संरचनामा सुशासन, सदाचार र जवाफदेहिता कायम गर्ने कुरालाई सरकारले जोड दिँदै आएको छ । अर्थतन्त्रको पुनरुत्थान, सेवा प्रवाहमा सुधार, सुशासन, विकास र सामाजिक न्यायलाई प्रमुख प्राथमिकतामा राखेर काम शुरू गरिएको छ । तदनुसार सम्वत् २०७९ पुस ११ गते बसेको मन्त्रिपरिषद्को पहिलो बैठकले सरकारले प्राथमिकतामा राखेका विषयमा विभिन्न नीतिगत, प्रक्रियागत र संस्थागत सुधारका विषयलाई अघि बढाउन विभिन्न निर्णय गरी कार्यान्वयनमा लगिसकिएको छ ।

३) अर्थतन्त्र सुधारको प्रयासअन्तर्गत विभिन्न पहल लिइएको छ । विश्व अर्थतन्त्रमा देखापरेका नकारात्मक प्रवृत्ति र कतिपय आन्तरिक कारणबाट सिर्जित चुनौतीको कारण अर्थतन्त्रमा देखापरेका समस्या समाधान गर्न प्रयास गरिएको छ । निजी क्षेत्रको व्यावसायिक आत्मविश्वास जगाउन एवम् सरकार र निजी क्षेत्रबिचको सम्बन्ध सुदृढ बनाउन प्रयास केन्द्रित गरिएको छ । विभिन्न क्षेत्रका उद्योगी व्यवसायीसँग छलफल अन्तरक्रिया गरी गुनासो व्यवस्थापनका साथै अर्थतन्त्र सुधारका लागि सुझावसमेत प्राप्त गरिएको छ । नेपाल राष्ट्र बैंकसँग समन्वय गरी बैंक तथा वित्तीय क्षेत्र सम्बन्धमा निजी क्षेत्रका गुनासा सम्बोधन गर्ने प्रयास गरिएको (चालु पूँजी कर्जासम्बन्धी मार्गदर्शन संशोधन, मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा) छ । लघुवित्तमा देखिएको समस्या समाधान गर्न समन्वयात्मक बैठकको आयोजना गरिएको छ । लघुवित्त वित्तीय संस्थाले लिएको अतिरिक्त सेवा शुल्क बापतको रकम एक अर्ब ६० करोड रुपैयाँ फिर्ता गर्ने, लघुवित्तले वार्षिक १ दशमलव ५ प्रतिशतभन्दा बढी सेवा शुल्क लिन नपाउने, एउटा ग्राहकले एउटाभन्दा बढी लघुवित्त संस्थाबाट ऋण लिन नपाउने व्यवस्था मिलाइएको छ । आर्थिक एवम् बैंकिङ क्षेत्रका समसामयिक विषयमा छलफल गरी समस्या समाधान गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा निजी क्षेत्र, लघु वित्त, नेपाल बैंकर्स सङ्घ, नेपाल राष्ट्र बैंकसमेतको सहभागितामा उच्चस्तरीय बैठक आयोजना गरिएको छ । यी सुधारका प्रयासको फलस्वरुप अर्थतन्त्रका बाह्य क्षेत्रका महत्वपूर्ण सूचक जस्तै रु सोधनान्तर स्थिति, चालु खाता, विप्रेषण आप्रवाह, विदेशी विनिमय सञ्चिति आदिमा सुधार देखिएको छ ।

४) बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन विभिन्न पहल भएका छन् । आर्थिक वर्ष २०७९/८० को बजेटको प्रथम छ महिनाको कार्यान्वयन स्थिति, कार्यान्वयनका क्रममा देखापरेका समस्या र हासिल भएका अनुभव, आर्थिक वर्षको बाँकी अवधिमा गर्नुपर्ने सुधारका विषास्य र सार्वजनिक वित्त प्रणालीमा आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्र समावेश गरी बजेटको अर्धवार्षिक मूल्याङ्कन गरिएको छ । सरकारको वित्तीय सन्तुलन कायम गर्न प्रयास गरिएको छ । नेपाल सरकारको श्रोतमा परेको चापलाई व्यवस्थापन गर्न खर्चको पुनःप्राथमिकीकरण गरी राष्ट्रिय गौरव र रुपान्तरणकारी आयोजना तथा रोजगारी सृजनामा महत्वपूर्ण योगदान गर्ने आयोजना तथा कार्यक्रमलगायतका अत्यावश्यक कार्यका लागि श्रोतको व्यवस्थापन गर्न सङ्घीय सञ्चित कोष माथि व्ययभार हुने रकम बाहेक अन्य विनियोजित रकममा सरकारी खर्चमा मितव्ययीता कायम गर्न खर्च कटौती तथा खर्च स्थगन गरिएको छ । सरकारी खर्चलाई बढी पारदर्शी बनाई वित्तीय सुशासन प्रवर्द्धन गर्न चालू आर्थिक वर्षमा भएको आर्थिक सहायता, श्रोत सहमति, अर्थ विविध शीर्षकबाट भएको निकासा र एक करोडभन्दा बढी एक बजेट उपशीर्षकबाट अर्को बजेट उपशीर्षकमा रकमान्तर भएको विवरण सार्वजनिक गरिएको छ ।

५) राजस्व परिचालनमा प्रभावकारिता ल्याउन आवश्यक पहल लिइएको छ । राजस्व चुहावट नियन्त्रणका लागि सम्माननीय प्रधानमन्त्रीस्तरमा बैठक आयोजना, केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको बैठक आयोजना गर्नुका साथै स्थानीय राजस्व चुहावट नियन्त्रण संयन्त्रलाई परिचालन गरिएको छ । बजार अनुगमन र भन्सार गस्ती बढाइएको छ । राजस्व सङ्कलनको एकीकृत कार्ययोजना परिमार्जन गरी कार्यान्वयनमा ल्याइएको छ । आगामी आर्थिक वर्षको राजस्व नीति तर्जुमा, राजस्व प्रणालीमा सुधार गर्नको लागि सुझाव दिन सरोकारवालासमेतको सहभागितामा राजस्व परामर्श समिति गठन गरी कार्य अघि बढाइएको छ ।

६) सुदृढ र आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने सन्दर्भमा वित्तीय, मौद्रिक तथा अन्य विषय क्षेत्रगत नीति तथा कार्यक्रमको सामञ्यस्यपूर्ण तरिकाले कार्यान्वयन गर्न आगामी दिनमा पनि सरकारले निरन्तर जोड दिनेछ । राजस्व प्रशासनलाई थप सुदृढ गरी चुस्त, दुरुस्त बनाउँदै लक्षितराजस्व हासिल गर्न सबै प्रयास गरिनेछ । राजस्व चुहावटलाई कडाइका साथ नियन्त्रण गरिनेछ । सरकारी खर्चमा मितव्ययिता कायम गर्न अनावश्यक खर्च कटौती गरी तथा प्राथमिकता प्राप्त क्षेत्रमा स्रोतको कमी हुन नदिने गरी बजेटको पुनर्विन्यासको कार्य सुरु गरिसकिएको छ । खर्च नियन्त्रणको लागि अत्यावश्यक काममा बाहेक मन्त्री र उच्च पदस्थ कर्मचारीलाई विदेश भ्रमणमा रोक लगाइएको छ । पूँजी बजारमा रहेका समस्यालाई सम्बोधन गर्न यथोचित प्रयास गरिएको छ ।

७) निजी क्षेत्रसँगको सहकार्यमा विद्यमान समस्याको समाधान गरी अर्थतन्त्रलाई थप गतिशिल बनाउन सरकार प्रतिबद्ध छ । यस अवधिमा उद्योग वाणिज्य क्षेत्रका प्रतिनिधि संस्थासँग निरन्तर संवादमा रही सरकारले ब्याजदर घटाउनेलगायतका उपाय कार्यान्वयनमा ल्याउन तथा निजी नौ क्षेत्रमैत्री वातावरण निर्माण गर्न आवश्यक पहल गरेको छ । बढ्दो व्यापार घाटालाई नियन्त्रण गरी निकासी प्रवर्द्धन तथा आयात व्यवस्थापनका लागि नयाँ नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयनमा ल्याइएको छ । निजी र सहकारी क्षेत्रको सामञ्जस्यपूर्ण परिचालन गर्दै सार्वजनिक नौ निजी साझेदारीलाई प्राथमिकता साथ अघि बढाउन सरकार क्रियाशील छ ।

८) राहदानी, राष्ट्रिय परिचयपत्र र सवारी चालक अनुमतिपत्र, नो अब्जेक्सन लेटरलगायतका सेवा विगतमा भन्दा छिटो छरितो गरी तथा सहजताकासाथ सेवा प्रवाह हुने व्यवस्था मिलाइएको छ । राष्ट्रिय परिचयपत्र हाल १४ जिल्लाका १५ स्टेसनबाट वितरण गर्ने कार्य सुरु भएको छ । राष्ट्रिय परिचयपत्र आवेदन अभियान ४५ जिल्लामा सम्पन्न भई हाल १७ वटा जिल्लामा सञ्चालन भइरहेको छ । राष्ट्रिय परिचयपत्र विवरण दर्ता गर्न ७७ वटै जिल्लामा ८३० वटा स्टेशन सञ्चालन गरिएको छ । हालसम्म एक करोड १५ लाख नागरिकको जैविक तथा जनसाङ्ख्यिक विवरण सङ्कलन गरी राष्ट्रिय परिचयपत्र नम्वर उपलब्ध गराइएको छ । राष्ट्रिय परिचयपत्र छपाइ विगत दिनमा एक सिफ्टमा दैनिक सात हजारको सङ्ख्यामा छपाइ हुने गरेकोमा हाल दुई सिफ्टमा छपाइ भई दैनिक १५ हजारको सङ्ख्यामा छपाई भइरहेको छ । स्थानीय तहका कुल छ हजार छ सय ६५ वटा वडाबाट अनलाइन प्रणालीमार्फत् व्यक्तिगत घटना दर्ता सुरु भएको छ ।

९) सार्वजनिक सेवा प्रवाह र सरकारका विभिन्न निकायको कार्यसम्पादन सम्बन्धमा जनतामा रहेको गुनासो र पीरमर्काको उचित सम्बोधनका लागि हेलो सरकारलाई थप प्रभावकारी बनाइएको छ । यसलाई आगामी दिनमा स्थानीय तहसम्म विस्तार गरी सबै तहबाट हुने सरकारी कामकारवाहीलाई चुस्त र नागरिकमैत्री बनाउन तथा सरकारी सेवा सम्बन्धमा जनताका गुनासो वा सिकायतलाई प्राथमिकताका साथ तत्काल सम्बोधन गर्ने पद्धति निर्माण गरिनेछ ।

१०) मुलुकको अन्तरिक सुरक्षालाई सुदृढ गर्नेतर्फ थप प्रयास गरिएको छ । यस अवधिमा विशिष्ट व्यक्तिको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७ को पूर्णकार्यान्वयन गरिएको छ । बहालवाला तथा पूर्वविशिष्ट पदाधिकारीको सुरक्षामा खटिएका नेपाल प्रहरीका एक सय ९० जना र सशस्त्र प्रहरी बल, नेपालका एक सय २६ जना गरी कूल तीन सय १६ जना सुरक्षाकर्मी फिर्ता ल्याइएको छ । अतिविशिष्ट व्यक्तिको भ्रमणको समयमा नागरिकले सास्ती भोग्नुपरेको विषयलाई सम्बोधन गर्न कार्यविधि संशोधनको लागि प्रक्रिया अगाडि बढाइएको छ । नेपाल सरकार (मन्त्रिपरिषद्) बाट विभिन्न मितिमा शहीद घोषणा भई नेपाल राजपत्रमा प्रकाशन हुन बाँकी रहेका आठ हजार चार सय ७१ जना शहीदको नामावली नेपाल राजपत्रमा प्रकाशन गरिएको छ । प्रेमप्रसाद आचार्यको आत्मदाहसम्बन्धी लगायत विभिन्न घटनाको छानबिन गरी सुझाव पेस गर्न गठित समितिका प्रतिवेदन प्राप्त भई सुझाव कार्यान्वयनको चरणमा रहेका छन् ।

११) मिटरब्याजी पीडितको समस्या समाधानका लागि वर्तमान सरकारले विशेष पहल लिएको छ । यसै सन्दर्भमा यस विषयमा सुझाव पेस गर्न एक उच्चस्तरीय आयोग गठन गर्ने तथा मौजुदा कानुनमा संशोधन गर्नका लागि आवसयक प्रक्रिया अगाडि बढाइएको छ ।

१२) निजामती प्रशासनको क्षमता अभिवृद्धि गरी समग्र सार्वजनिक प्रशासन संयन्त्रलाई थप चुस्त, छरितो र नतिजामुखी बनाउन सरकार प्रतिबद्ध छ । काम गर्ने कर्मचारीलाई पुरस्कृत र प्रोत्साहित गर्ने तथा नगर्नेलाई दण्डित गर्ने नीतिलाई कडाइका साथ कार्यान्वयनमा ल्याइएको छ । सङ्घीय निजामती सेवा ऐन र सङ्घीय शिक्षा ऐनको विधेयकलाई यथाशीघ्र अन्तिमरूप दिई संसद्समक्ष पेश गर्न सरकारले यससम्बन्धी प्राविधिक काम सघनतासाथ अघि बढाइरहेको छ । निजामतीलगायत सबै राष्ट्र सेवकको मनोबल उच्च राख्न सरकारले आफ्नो क्षमताले भ्याएसम्म सेवा सुविधा बढाउँदै लैजाने नीति लिएको छ । यस क्रममा उच्चस्तरीय तलब सुधार आयोगले पेश गरेको अध्ययन प्रतिवेदनले औंल्याएका विषयलाई कार्यान्वयनमा ल्याउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा सात सदस्यीय कार्यान्वयन सहजीकरण समिति गठन भएको छ । अत्यावश्यक सेवा प्रदान गर्ने कार्यालयमा कतिपय सार्वजनिक बिदाका दिनसमेतमा कार्यालय खोल्ने गरी विक्रम सम्वत् २०८० सालमा दिइने सार्वजनिक विदा तथा कार्यालय समय निर्धारण गरिएको छ ।

१३) निजामती प्रशासन, सुरक्षा निकायलगायत सार्वजनिक प्रशासनलाई कम खर्चिलो, चुस्त, जवाफदेही र सक्षम बनाउन एवम् तीन तहका सरकारबीचको सम्बन्धलाई संविधानको मर्मअनुरूप ठीक ढङ्गबाट अघि बढाउन र सङ्घीयता कार्यान्वयनमा सहजीकरण गर्ने सम्बन्धमा सुझाव पेश गर्न सरकारले छिटै उच्चस्तरीय प्रशासन पुनःसंरचना आयोग गठन गर्ने तयारी गरिरहेको छ । राष्ट्रकातर्फबाट प्रदान गरिने विभूषणलाई मर्यादित एवम् व्यवस्थित बनाउन अन्य देशको अभ्यास समेतलाई मध्यनजर गरी सुझावसहितको प्रतिवेदन पेश गर्न गृह मन्त्रालयका सचिवको संयोजकत्वमा एक उच्चस्तरीय समिति गठन गरिएको छ ।

१४) यसबीचमा मन्त्रालयले कार्यसम्पादन गर्दा विवाद आउन नदिने र स्वार्थ नबाझिने गरी काम गर्ने, सरकारको काम कारवाहीमा भ्रष्टाचार तथा अनियमितता हुन नदिने, जनताले देखिने र अनुभूति गर्न सक्ने गरी सबै मन्त्रालयले आ-आफ्ना काम कारबाही अघि बढाउने र विकास निर्माण कार्यलाई तीव्रता दिन सबै गम्भीर भएर लाग्ने विषयमा मन्त्रिपरिषद्बाट निर्णय भई सबै निकायमा कार्यान्वयनका लागि पठाइएको छ । आन्तरिक लेखापरीक्षणलाई चुस्त बनाउन आन्तरिक लेखापरीक्षण कार्यविधि, २०७९ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ । सम्पत्ति शुद्धिकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी ऐनमा समसामयिक संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेश गरिएको छ । नेपालको संविधानको धारा ५३ तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम नेपाल सरकारको आर्थिक वर्ष २०७८ र ७९ को प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिसमक्ष पेश गर्ने कार्य सम्पन्न भएको छ । (संवैधानिक परिषद् काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी पहिलो संशोधन ऐन, २०७९ सम्बन्धी विधेयक सङ्घीय संसद्समक्ष पेश गर्ने कार्य भएको छ ।

१५) सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यमा जोड दिँदै सरकारका सबै तहबाट सेवा प्रवाहमा सरलीकरण, विकास निर्माणमा तीव्रता, पारदर्शीता र जवाफदेहीपनको विकास गरी सङ्घीय शासन प्रणालीलाई प्रभावकारी बनाउन सरकार दृढ सङ्कल्पित छ । यसै क्रममा राष्ट्रियसभा, सङ्घीयता कार्यान्वयन अनुगमन विशेष समितिबाट प्राप्त सिफारिश कार्यान्वयनको लागि सम्बन्धित सबै मन्त्रालय, निकाय र प्रदेशमा पठाइसकिएको छ । यस सम्बन्धमा प्रशासनिक समन्वयका लागि नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा प्रशासनिक समन्वय परिषद्को गठन भएको छ । सङ्घीयता कार्यान्वयनमा देखापरेका समस्या समाधान गर्न संविधान र कानुनबमोजिम गठित अन्तर प्रदेश परिषद्लगायतका संयन्त्रलाई क्रियाशील बनाउने र गर्न बाँकी कामको सूची बनाई क्रमशः कार्यान्वयन गर्दै जाने दिशामा सरकार अघि बढिरहेको छ । संविधानको अनुसूचीमा रहेका तीनवटै तहको सरकारको कार्यसूचीलाई परिभाषित गर्ने क्रममा विगतमा तयार गरिएको कार्यविस्तृतीकरण प्रतिवेदनलाई पुनरावलोकन र आवश्यक परिमार्जन गरी तीन तहको सरकारका बीचमा रहेको काम

***बाँकी चार पृष्ठमा***

## *यस्तो छ प्रधानमन्त्री...*

तथा जिम्मेवारीको दोहोरोपना र अन्य द्विविधाजनक विषयलाई थप स्पष्ट पारिनेछ ।

१६) यस अवधिमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबीच प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट स्वीकृत गरिएको छ । विकास आयोजना तथा सार्वजनिक निर्माणमा अत्यावश्यक प्राकृतिक स्रोत साधन (ढुङ्गा, गिट्टी, बालुवा आदि)को आपूर्तिमा देखिएको समस्या समाधान गर्न तथा अनावश्यक दोहनलाई नियन्त्रण गरी दिगो र वातावरणमैत्री हुने गरी उत्खनन र बिक्री वितरण गर्न सहयोग पुऱ्याउन ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी (दोस्रो संशोधन) मापदण्ड, २०७९ कार्यान्वयनमा ल्याइएको छ ।

१७) विकास आयोजनाको सञ्चालन तथा व्यवस्थापनलाई द्रूत गति दिन विकाससम्बन्धी छुट्टै ऐनको खाँचो महसुस गरी यसको विधेयक तयार गर्ने कार्य अघि बढाइएको छ । राष्ट्रिय गौरवलगायतका ठूला परियोजनाको निर्माणलाई निर्धारित लागत, गुणस्तर र समयमै सम्पन्न गर्न बजेट र जनशक्ति अभाव नहुने गरी आवसयक व्यवस्था मिलाइएको छ ।

१८) पूर्वाधारसँग सम्बन्धित आयोजनाको कार्यान्वयनमा देखिएका ढिलासुस्तीलगायतका समस्याको अन्त्य गर्न आयोजनाको स्थलगत अनुगमन कार्यलाई तीव्रता दिइएको छ । साथै, पूर्वाधारसँग सम्बन्धित आयोजनामा देखिएका समस्याको समाधानका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आवश्यक निर्देशन, समन्वय र सहजीकरणलगायतका कार्य नियमितरूपमा भइरहेको छ ।

१९) ठेक्का लिएर काम पूरा नगर्ने, बीचमै काम छोड्ने तथा काममा विलम्ब गर्ने निर्माण व्यवसायीलाई सचेत गराइएको छ । बारम्बार म्याद थप्दा पनि काम पूरा नगर्ने व्यवसायीलाई कालोसूचीमा राखिएको छ । निर्माणकार्यको गुणस्तरीयता कायम गर्न अनुगमन तथा प्राविधिक परीक्षणलगायतका कार्यलाई तीव्रता दिइएको छ । सार्वजनिक यातायात र सडक पूर्वाधारमा सुधार गर्न विभिन्न कार्यक्रमहरू कार्यान्वयनमा ल्याइएको छ ।

२०) पर्यटन क्षेत्रको विकासका लागि पूर्वाधार निर्माणदेखि अन्तर्राष्ट्रिय बजारमा नेपालको प्रवर्द्धन गर्ने कार्य भएको छ । विभिन्न विमानस्थलको स्तरोन्नति गर्ने कार्यले गतिलिनुका साथै राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल मिति २०७९/०९/१७ गते सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)बाट समुद्घाटन भई सञ्चालनमा आएको छ । सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)बाटै भरतपुर आन्तरिक विमानस्थलको सुविधा सम्पन्न टर्मिनल भवन निर्माण र विमानस्थल विस्तारकार्यको लागि मिति २०७९/१२/१६ मा शिलान्यास भएको छ । यसैगरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री माननीय सुदन किरातीबाट विराटनगर र नेपालगञ्ज विमानस्थलको टर्मिनल भवन निर्माणकार्यको शिलान्यास भएको छ । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नियमित गर्नेसम्बन्धी कार्ययोजना बनाउनुका साथै भारतसँग द्विपक्षीय प्राविधिक छलफलका लागि कूटनीतिक प्रक्रिया अघि बढाइएको छ ।

२१) औद्योगिक क्षेत्रको विकासका लागि नीतिगत सुधारदेखि पूर्वाधार निर्माणसम्मका कार्यलाई सँगसँगै अघि बढाइएको छ । स्वदेशमै उत्पादनमूलक उद्योगधन्दाको विकास गरी आय र रोजगारी सिर्जना गर्ने कुरालाई प्राथमिकतामा राखी कार्य गरिएको छ । अत्यावश्यक उपभोग्यवस्तुको सहज र गुणस्तरीय आपूर्तिको सुनिश्चितता गर्दै कालोबजारी, अस्वाभाविक मूल्य वृद्धिजस्ता विकृतिलाई नियन्त्रण गर्न तथा उपभोक्ताको हित संरक्षण गर्न बजार अनुगमनलाई सघन बनाइएको छ ।

२२) नेपाल व्यापार एकीकृत रणनीति, २०७९ र स्टार्टअप नीति, २०७९ स्वीकृतिको प्रक्रियामा रहेका छन् । औद्योगिक बौद्धिक सम्पत्ति कानून तर्जुमा प्रक्रिया अगाडि बढाइएको छ । विद्युतीय व्यापारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९ लाई सङ्घीय संसद्मा पेश गरिएको छ । व्यापार घाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०७९ स्वीकृतिका प्रक्रियामा रहेको छ । सबै सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१ थप परिमार्जनसहित कार्यान्वयनको चरणमा रहेको छ । यस अवधिमा थप आठ वटा औद्योगिक ग्राम घोषणा गरिएसँगै औद्योगिक ग्रामको सङ्ख्या एक सय १३ पुगेको र औद्योगिक ग्रामको पूर्वाधार निर्माणकार्य स्थानीय तहमार्फत भइरहेको छ । विदेशी लगानी स्वीकृतिका लागि स्वचालित मार्ग ९ब्ातफबतभम च्यगतभ० को कार्यविधि एवम् विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली संशोधन गरी स्वीकृतिको प्रक्रियामा रहेको छ । वैदेशिक लगानीलाई थप आकर्षित गर्न विदेशी लगानीको सीमा पुनरावलोकन गरी रु दुई करोड कायम गरिएको छ । गैरआवासीय नेपालीको लगानीमा स्थापना हुने लगानी कम्पनीमा लगानीको सीमा हटाइएको छ ।

२३) नेपालमा व्यावसायिक वातावरण निर्माण र ऊर्जा खपतसम्बन्धी कार्ययोजना निर्माण गरी स्वीकृतिको चरणमा रहेको छ । नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र विकास साझेदारसँगको संयुक्त आयोजनामा सरोकारवाला निकायसहितको सहभागितामा नेपालमा व्यावसायिक वातावरण सहजीकरणसम्बन्धी उच्चस्तरीय अन्तरक्रिया कार्यक्रम मिति २०७९/११/०५ मा सम्पन्न भई सुधारका क्षेत्र पहिचान गरिएको छ । नेपालमा व्यावसायिक वातावरण सहजीकरणसम्बन्धी प्रमुख सूचकको न्बउ ब्लबथिकष्क र सुधारका क्षेत्रको पहिचान गरिएको छ ।

२४) सामाजिक सुरक्षाको दायरा विस्तृत गर्न २०७९ चैत्र ८ गते सम्मानीय प्रधानमन्त्रीबाट वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिको लागि योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम शुभारम्भ भई हालसम्म १५ हजार जनाभन्दा बढीको सूचीकरण भएको छ । त्यसैगरी स्वदेशमै अनौपचारिक तथा स्वरोजगार क्षेत्रमा रहनुभएका व्यक्तिका लागि आगामी २०८० वैशाखदेखि योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउन कार्यविधि स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको छ । यसको कार्यान्वयनबाट स्वदेश र विदेशमा रहनुभएका श्रमिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति हुनेछ ।

२५) वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित र व्यवस्थित बनाउन श्रम गन्तव्य मुलुकसँग वार्ता, सम्झौता गर्ने तथा वैदेशिक रोजगारीमा जानेको अनुगमन, नियमन गर्ने लगायतका कार्यलाई गति दिइएको छ । वैदेशिक रोजगारीमा जान चाहने श्रमिकले अनलाइन माध्यमबाटै श्रम अनुमतिका लागि आवेदन गर्नसक्ने तथा उनीहरूलाई अनलाइन माध्यमबाटै श्रम स्वीकृति दिने प्रणाली सञ्चालनमा रहेको छ । श्रमिकलाई सहजरुपमा श्रम स्वीकृति दिन दुई वर्षे विद्यमान प्रावधानलाई हटाई रोजगारदाता कम्पनी र श्रमिकबीच भएको कार्य सम्झौताको आधारमा पुरैकार्य अवधिको लागि श्रम स्वीकृति दिने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ साथै पुनःश्रम स्वीकृति लिन नेपाल आउनुपर्ने वाध्यतालाई हटाई विदेशस्थित नियोगबाटै पुनःश्रम स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाइएको छ । विप्रेषणलाई औपचारिक माध्यमबाट भित्र्याउन विभिन्न प्रयास गरिएको छ ।

२६) वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका दुई सय ८३ जना मृतक कामदारका परिवारलाई आर्थिक सहायताबापत रकम रु एक करोड ९८ लाख १० हजार, अङ्गभङ्ग बिरामी भएका ९५ जना कामदारलाई आर्थिक सहायता रु तीन करोड १० लाख १८ हजार, वैदेशिक रोजगारीमा गई विचल्लीमा परेका ८९ जना व्यक्तिको सम्बन्धित नियोगसँगको समन्वयमा उद्धार गरिएको छ । वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका व्यक्तिका एक हजार पाँच सय ४४ जना सन्ततिलाई एक करोड ४५ लाख २४ हजार बराबरको छात्रवृत्ति सहायता उपलब्ध गराइएको छ । वैदेशिक रोजगारीमा गएका कामदारलाई कार्यस्थलमा आइपर्ने स्वास्थ्यसम्बन्धी समस्या सम्वन्धमा परामर्श उपलब्ध गराउनका लागि टेलिमेडिसिन सेवा सञ्चालन गर्न बोर्ड सचिवालय र कोभिड-१९ युनिफाइड केन्द्रीय (वीर) अस्पतालबीच सम्झौता सम्पन्न भई मिति २०७९ चैत्र १५ मा बुधबारदेखि टेलिमेडिसिन सेवा सञ्चालन गरिएको छ । वैदेशिक रोजगारीको सन्दर्भमा हुने अनेकन ठगीलगायतका गुनासो, कल सेन्टरमा प्राप्त भएका सबै प्रकारका गुनासोसमेत समयमै सम्बोधन गर्न वैदेशिक रोजगार विभागका महानिर्देशकको संयोजकत्वमा विस्तृत कार्यशर्तसहितको क्ुभमष्बतभ च्भकउयलकभ त्बकप ँयचअभ ९क्ष्च्ँ० गठन भई सोहीअनुरुप काम भइरहेको छ । वैदेशिक रोजगारीमा रहेका श्रमिकको समस्यालाई समयमा नै सुनुवाइ गरी समस्याको समाधानमा सहजीकरण गर्ने प्रयोजनका लागि विदेशस्थित सबै नियोगमा श्रम सम्बन्धी छुट्टै Dedicated Focal Point तोक्नेलगायतका कार्यका लागि परराष्ट्र मन्त्रालयमार्फत प्रक्रिया अघि बढाइएको छ ।

२७) यस अवधिमा वैदेशिक रोजगारीको क्रममा विभिन्न मुलुकमा रहेका नेपाली श्रमिकले भोग्नु परिरहेका समस्या समाधानलाई उच्च प्राथमिकता दिँदै विदेशमा रोजगारी गुमाएका, बन्दी बनाइएका एवम् स्वास्थ्य समस्या झेलिरहेका एक सयभन्दा बढी नागरिकलाई उद्धार गरी स्वदेश फर्काइएको छ ।

२८) ऊर्जा र सिँचाइ क्षेत्रको विकासलाई प्राथमिकतासाथ अघि बढाइएको छ । मुलुकमा हालसम्म जडित विद्युत् क्षमता २६ सय पाँच मेगावाट पुगी करिब ९४ प्रतिशत जनतामा विद्युत्को पहुँच पुगेको छ । स्वदेशमा उपभोग नभई बचत हुन जाने विद्युत् छिमेकी मुलुकमा निर्यात गर्ने व्यवस्थालाई तीव्रता दिइएको छ । आम जनतालाई स्वच्छ खानेपानी र आधारभूत सरसफाइ सेवा उपलब्ध गराउन विभिन्न कार्यक्रम सञ्चालनमा रहेको छ ।

२९) कृषि क्षेत्रको विकासका लागि विभिन्न नीतिगत व्यवस्था गरिएको छ । कृषकलाई समयमै पर्याप्त मात्रामा मलखादको आपूर्ति सुनिश्चित गर्न एवम् उन्नत बीउबिजन उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइएको छ । यस अवधिमा सरकारदेखि सरकारसम्म 'जिटुजि' विधिबाट भारत सरकारसँग खरिद गरिएको ३० हजार मेट्रिक टन रासायनिक मलसहित एक लाख १५ हजार मेट्रिक टन मल आयात भइ करिब ५७ हजार मेट्रिक टन अनुदानमा बिक्री वितरण गरिएको छ । आगामी आव २०८०/०८१ मा धान लगाउने सिजनको लगि मल आपूर्ति सुनिश्चित गर्न अर्थ मन्त्रालयबाट रु १५ अर्व २३ करोड स्रोत सुनिश्चित भई थप ६० हजार मेट्रिक टन रासायनिक मलको खरिदका लागि टेण्डर प्रक्रिया अगाडि बढाइएको छ । चालु आर्थिक वर्ष २०७९ र ८० को लागि उखुको न्यूनतम खरिद मूल्य प्रतिक्वीन्टल रु छ सय पाँच रुपैंया नौ पैसा कायम गरिएको छ । यसैगरी गहुँको न्यूनतम खरिद समर्थन मूल्य प्रतिक्वीन्टल रु तीन हजार तीन सय ५१ रुपैंया नौ पैसा निर्धारण गरिएको छ । दुग्ध व्यवसायमा संलग्न कृषकको मागलाई सम्बोधन गर्ने क्रममा दुधको नयाँ न्यूनतम खरिद मूल्य प्रतिलिटर रु ६५ निर्धारण गरिएको छ । बर्डफ्लु रोग नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुको क्षतिपूर्तिस्वरूप कृषकलाई राहत प्रदान गर्ने कार्य भएको छ ।

३०) कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प्रस्तावअनुरुप मिति २०७९ फागुन २५ गते बसेको मन्त्रिपरिषद् बैठकबाट खाद्य पदार्थमा जीवनाशक विषादीको अवशेषको अधिकतम सीमा निर्धारण गर्ने विषय थप छलफलका लागि सम्बन्धित समितिमा पठाउने निर्णय भई प्रस्ताव समितिमा छलफलको क्रममा रहेको छ । सातवटै प्रदेशमा रहेका द्रूत विषादी परीक्षण प्रयोगशालाहरुको स्तरोन्नति तथा क्षमता अभिवृद्धिको कार्ययोजना तयार भएको छ ।

३१) सरकारी काम कारवाहीलाई सूचना प्रविधिमैत्री बनाउन विभिन्न कार्य अघि बढाइएको छ । यस सन्दर्भमा सरकारी निकायको वेबसाइटबीच एकरूपता कायम गर्न एकीकृत वेबसाइट व्यवस्थापन प्रणाली विकास गरिएको छ । सबै सरकारी कार्यालयको अनलाइन सेवालाई चुस्त, भरपर्दो र सुरक्षित बनाउन विभिन्न कार्य अघि बढाइएको छ । अनलाइन माध्यमबाट सार्वजनिक सेवा प्रवाह गर्ने सरकारी कार्यालयबीच अन्तरआबद्धता कायम गर्न पहल सुरु भएको छ । विद्युतीय माध्यमबाट हुने कारोवारलाई सुरक्षित र भरपर्दो बनाउन विभिन्न व्यवस्था गरिएका छन् ।

३२) आगामी शैक्षिक सत्र सुरु हुनुअगावै विद्यार्थीलाई पाठ्यपुस्तक उपलब्ध गराउने कुरालाई सरकारले उच्च प्राथमिकतामा राखेको छ । यस क्रममा शैक्षिक सत्र २०८० को हकमा कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तक निजी मुद्रकबाट समेत र कक्षा ६ देखि १२ सम्मका पाठ्यपुस्तक जनक शिक्षा सामग्री केन्द्रबाट छपाइ गरी निर्धारित समयभित्रै वितरण गर्ने व्यवस्था मिलाइएको छ ।

३३) कैलालीको गेटामा रहेको प्रस्तावित गेटा मेडिकल कलेजलाई सहिद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालयको रूपमा स्थापना तथा सञ्चालन गर्ने निर्णय भएकामा सहिद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक तर्जुमा सम्बन्धमा समिति गठन भई विधेयक तर्जुमाको कार्य भइरहेको छ । कोशी अस्पताललाई शिक्षण अस्पतालका रूपमा विकास गरी पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत आङ्गिक मेडिकल कलेजका रूपमा सञ्चालन गर्ने व्यवस्था गरिएको छ ।

३४) खेलकुद क्षेत्रको विकासका लागि विभिन्न खेलकुद प्रतियोगिताको आयोजना तथा अन्तर्राष्ट्रियस्तरमा भएका विभिन्न प्रतिस्पर्धामा भाग लिने र विजयी खेलाडीलाई प्रोत्साहित र पुरस्कृत गर्ने कार्य भएको छ । क्ष्ऋऋरऋध्ऋ ीभबनगभ द्द क्रिकेट प्रतियोगितामा नेपाल विश्वकपका लागि न्यदर्बा त्तगबषिष्भच भएको, एकदिवसीय मान्यता प्राप्त गरेको र सन् द्दण्द्दघ मा भारतमा हुने क्ष्ऋऋ९ध्यचमि ऋगउ को लागि त्तगबषिष्भच चरणमा प्रवेश गरेको छ । प्रधानमन्त्री कप त्रिदेशीय फुटबल प्रतियोगिताका विजयी खेलाडीलाई पुरस्कृत गरिएको छ ।

३५) यस अवधिमा छिमेकी मुलुकलगायत सबै मित्रराष्ट्रसँग पारस्परिक समानताको आधारमा असल र मैत्रीपूर्ण सम्बन्ध कायम गर्न जोड दिइएको छ । राष्ट्रिय हितलाई उच्च प्राथमिकता दिई सन्तुलित परराष्ट्र नीति अवलम्बन गरिएको छ । कतारको दोहामा सम्पन्न अति कम विकसित मुलुकसम्बन्धी पाँचौ संयुक्त राष्ट्रसङ्घीय सम्मेलनमा सहभागी भई नेपालको धारणा प्रस्तुत गरिएको छ । यस क्रममा अति कम विकसित मुलुकबाट स्तरोन्नति हुँदा नेपाललगायतका अतिकम विकसित मुलुकको राष्ट्रिय अर्थतन्त्रमा पर्नसक्ने असरलाई न्यूनीकरण गर्न अन्तर्राष्ट्रिय समुदायले उपलब्ध गराउनुपर्ने आर्थिक प्राविधिक सहयोगका विषयमा ध्यानाकर्षण गरिएको छ । नेपाल र जनवादी गणतन्त्र चीनबीचको रसुवा र केरूङ्ग नाका द्विपक्षीय व्यापारका लागि खुला गरिएको छ । हिल्सा र पुराङ्ग नाका पनि एकतर्फी व्यापारका लागि खुला भएको छ । यसले नेपाल र चीनबीचको द्विपक्षीय व्यापार अभिवृद्धिमा सहयोग पुग्ने विश्वास गरिएको छ । नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बतबीचको कोभिड संयन्त्रको वैठक ल्हासामा सम्पन्न भई बैठकको निर्णयअनुसार यही २०७९/१२/१८ देखि चीनसँगको हिल्सा र पुराङ्ग र रसुवा र केरूङ्ग नाकाबाट आगमन खुला भएको छ ।

३६) शान्ति प्रक्रियाका बाँकी काम र सङ्क्रमणकालीन न्यायलाई चाँडै टुङ्ग्याउने विषयलाई सरकारले उच्च प्राथमिकतामा राखी काम गरेको छ । यस क्रममा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेश गरिएको छ । यसैगरी नेपाल सरकारबाट निर्णय भई नेपाल राजपत्रमा प्रकाशन हुन बाँकी शहीदको नामावली नेपाल राजपत्रमा प्रकाशन गरिएको छ ।

३७) विकास निर्माण तथा सामाजिक क्षेत्रको विकासका लागि आवश्यक वैदेशिक सहायता परिचालन गर्दा राष्ट्रिय प्राथमिकता, आवश्यकता र औचित्यको आधारमा लिने र सहायता परिचालन राष्ट्रिय प्रणालीबाट गर्ने पद्धति बसालिएको छ । यसबीचमा विश्व बैङ्कबाट विद्यालय क्षेत्र रूपान्तरणको लागि एक सय २० मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्न सैद्धान्तिक सहमति दिइएको छ । नेपाल स्थानीय पूर्वाधार सहयोग कार्यक्रमका लागि बेलायत सरकारबाट करिब रु १४ अर्ब ३१ करोड अनुदान सहायता उपलब्ध हुनेछ । नेपाल गुणस्तरीय स्वास्थ्य सेवा प्रणाली कार्यक्रमको लागि विश्व बैङ्कबाट १०० सय मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा ३ दशमलव ८४ मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्न सैद्धान्तिक स्वीकृति दिइएको छ ।

माथि उल्लेखित तथ्यले यो सरकारले सय दिनको छोटो अवधिमै पनि राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयन, सार्वजनिक सेवामा नागरिकको सरल र सहज पहुँचलाई सुनिश्चित गर्ने तथा समग्र शासकीय सुधारका दिशामा महत्त्वपूर्ण पाइला चालेको कुरालाई पुष्टि गर्दछन् । यसबाट सार्वजनिक सेवालाई चुस्त बनाउँदै अर्थतन्त्रलाई सही दिशामा अभिमुख गराउन तथा मुलुकलाई शान्ति, स्थिरता, सुशासन र अग्रगमनतर्फ अघि बढाउन सहयोग पुगेको सरकारको विश्वास रहेको छ । यद्यपि नागरिकको विकास, समृद्धि र सुशासनप्रतिको उच्च अपेक्षालाई पूरा गर्न आगामी दिनमा थप प्रतिबद्धता र समर्पणभावका साथ काम गर्नुपर्ने खाँचो छ । सरकार त्यसतर्फ सचेत छ ।

अन्त्यमा, यो सरकार सबैसँग सल्लाह, छलफल र सहकार्य गर्दै तथा सबैको पृष्ठपोषण लिँदै मुलूकलाई शान्ति, प्रगति, स्थिरता र अग्रगमनको बाटोमा अघि बढाउन प्रतिबद्ध छ । जनताका आशा, अपेक्षा र विश्वासलाई यथाशीघ्र मूर्तरूप दिन सरकार क्रियाशील छ । आज सबै राजनैतिक नेतृत्व तथा सार्वजनिक प्रशासकमा विकास, सेवाग्राही र लगानीमैत्री मानसिकता विकास गर्न आवश्यक देखिएको छ । यो सरकारले नेपालको संविधानमा उल्लेखित नागरिकका हक अधिकारलाई संरक्षण गर्न, तिनको प्रभावकारी कार्यान्वयनमार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउन, शासन प्रणालीमा नागरिकको सर्वोच्चता स्थापित गर्न तथा संविधानमा उल्लेखित राज्यका नीति र दायित्वलाई प्रभावकारी तवरमा कार्यान्वयन गरी आम नागरिकको विकास र समृद्धिको आकाङ्क्षालाई यथाशीघ्र पूरा गर्न आफ्नो सम्पूर्ण शक्ति परिचालित गर्दै आएको छ । आगामी दिनमा पनि नेपाली जनताको हित र राष्ट्रको समृद्धिको लागि सरकार निरन्तर समर्पित र क्रियाशील हुनेछ । *साभार : राजविराज दैनिक*

# मधेश प्रदेश सरकारबाट एमालेका बाहिरियो



**राजविराज**/मधेश प्रदेश सरकारबाट नेकपा एमाले बाहिरिएको छ ।

मंगलवार मुख्यमन्त्री सरोज कुमार यादवसमक्ष एमालेका मन्त्री र राज्यमन्त्रीहरुले राजिनामा दिएका छन् ।

सामुहिक राजिनामा बुझाएको एमालेका चार मन्त्री र एक राज्यमन्त्रीको राजिनामा मुख्यमन्त्रीले स्वीकृत गरेका छन् ।

मधेस प्रदेश सरकारमा एमालेका तर्फबाट संसदीय दलका नेता सरोजकुमार यादव भौतिक पूर्वाधार तथा विकास, राजकुमार लेखी कानुन, न्याय तथा प्रदेश सभा मामिला, शत्रुधनप्रसाद सिंह गृह तथा सञ्चार र मोहम्मद जैद आलम महिला, बालबालिका, युवा तथा खेलकुदमन्त्री थिए । साथै केशव राय गृह तथा सञ्चार राज्यमन्त्री थिए ।

केन्द्रमा सत्ता समीकरण बदलिएसँगै मधेस प्रदेश सरकारबाट पनि नेकपा (एमाले) बाहिरिएको छ ।

नेकपा एमालेका नेता एवं निवर्तमान कानुन, न्याय तथा प्रदेशसभा मामिला मन्त्री राजकुमार लेखीले केन्द्रमा सत्ता गठबन्धन फेरिएपछि आफूहरूले नैतिकताका आधारमा राजीनामा दिएको बताए ।

राजीनामा बुझाइसकेपछि सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै उनले मुख्यमन्त्रीको सहजताका लागि आफूहरू सरकारबाट बाहिरिएको तर समर्थन फिर्ता लिने वा कायम राख्ने भन्ने विषयमा अहिले निर्णय नभइसकेको बताए ।

यता मुख्यमन्त्री यादवले अब कांग्रेस, लोसपा र नेकपा एस सरकारमा सहभागि हुने बताउदै उपनिर्वाचन पछि मात्र उनीहरुलाई कसरी सहभागि गराउने भन्ने विषयमा छलफल हुने बताए ।

बारा क्षेत्र नं २ मा जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवविरुद्ध एमालेले उम्मेदवारी दिएपछि एमालेका मन्त्रीहरूले राजीनामा दिएका हुन् । उक्त निर्वाचन क्षेत्रमा उपनिर्वाचनका लागि जसपा अध्यक्ष यादवविरुद्ध जनमत पार्टीले पनि उम्मेदवारी दिएको छ ।

एमालेको राजिनामा पछि खाली भएका मन्त्रालयहरुको जिम्मेवारी प्रदेश प्रमुख हरिशंकर मिश्रले तत्काल मुख्यमन्त्रीले नै सम्हाल्ने गरि जिम्मेवारी तोकेका छन् । एमाले मधेश प्रदेशमा २४ सांसद सहित प्रदेशको पहिलो दल रहेको छ ।

# नेपालको बिजुलीमा लगानी गर्न भारतका कम्पनीको तँछाडमछाड

**रमेश लम्साल**

रुस र युक्रेनको युद्धका कारण विश्वव्यापी रुपमा आपूर्ति शृङ्खलामा असर परेपछि कोइलामा निर्भर भारतको ऊर्जा बजार अब क्रमशः नेपालतर्फ केन्द्रित भएको छ । पछिल्ला दिनमा भारतीय कम्पनीले देखाइरहेको चासो र उनीहरुको प्रस्ताव खासमा अप्रत्यासित जस्तै लाग्छन् । विशेष गरी भारतको सरकारी कम्पनी सतलज विद्युत् निगमले नौ सय मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत् आयोजनाको निर्माण सुरु गरेपछि सकारात्मक सन्देश प्रवाह भएको छ ।

माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी ग्रान्धी माल्लिकार्जुन राव (जीएमआर) ले काम नगरे पनि अन्य भारतीय कम्पनी नेपालमा पैसाको खोलो बगाउन तम्तयार देखिएका छन् ।

अर्बपतिहरुको सूचीमा शीर्ष स्थानमा रहेका गौतम अडानीले १० हजार ८०० मेगावाट क्षमताको कर्णाली चिसापानी आयोजनामा चासो देखाउनुले पनि नेपाल लगानीका लागि 'भ्राइबेन्ट' बन्दैछ भन्ने स्पष्ट हुन्छ । त्यतिमात्रै होइन, भारतीय कम्पनी एनएचपीसी पनि आक्रामक रुपमा लगानी गर्न तयार भएको छ ।

बढ्दो ऊर्जाको माग, कोइला कटौतीको अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा चीनसँग बढ्दो प्रतिस्पर्धालगायतका कारणले भारतीय कम्पनीलाई लगानीका नयाँ क्षेत्र खोज्नुपर्ने बाध्यता आइपरेको छ । नेपालको बिजुली भारत निर्यातका लागि सहज देखिनु तथा बंगलादेशका लागि मार्ग प्रशस्त गर्न भारत एक कदम अगाडि बढ्नुले पनि नयाँ सम्भावनाका ढोका खोलिदिएको विश्लेषण गर्न सकिन्छ ।

कोइला, डिजेल र ग्यासमा हुने मूल्यवृद्धि र त्यसैमा निर्भर भारतले विश्व समुदायलाई देखाउनका लागि नै भए पनि स्वच्छ ऊर्जामा लगानी गर्नुपर्ने बाध्यताका साथसाथै अब उसका लागि आवश्यकता बन्न पुगेको छ । सौर्य ऊर्जामा ठूलो लगानी गरे पनि दिन ढल्दै जाँदा त्यसको उपादेयता सकिँदै जान्छ । साँझ बिहानको 'पीक' समयको माग धान्नका लागि उत्तरी छिमेकी देश नेपालसँग मिलेर लगानी गर्नुपर्ने उसको आवश्यकताले लगानीका नयाँ आयामहरु खोलिदिएको छ । यसैलाई अवसरका रुपमा लिएर नेपालले कूटनीतिक र राजनीतिक कौशलता देखाएको खण्डमा 'ऊर्जाबाट समृद्धि' भन्ने नेपाली नाराले पनि सार्थकता पाउने देखिन्छ ।

भारतले सरकारी स्तरमै नेपालका रणनीतिक महत्त्वका र बहुउद्देश्यीय प्रकृतिका आयोजना लगानी गर्न चासो देखाएको छ । स्थापित कम्पनीहरुले देखाएको चासो, बहुपक्षीय छलफल तथा केही आयोजनाका लागि सन्निकट आयोजना विकास सम्झौताले पनि 'नेपालको पानी दक्षिण एशियाका लागि वरदान' हुने दिशामा अग्रसर रहेको सहजै अनुमान गर्न सकिन्छ ।

जलवायु परिवर्तनले पारेको प्रभावबाट भारत पनि उत्तिकै समस्यामा छ । पर्यावरणीय विषयले विश्व नै नवीकरणीय ऊर्जामा केन्द्रित भएको छ । यस सन्दर्भमा भारतले नेपाल र भुटानजस्ता देशमा जलविद्युतमा लगानी विस्तार गर्ने विषयलाई 'ओपन सेक्रेट' बनाएको छ । आवश्यकता नै आविष्कारको जननी भने जस्तै, अब भारत नेपालकै सर्तमा समेत ऊर्जामा लगानी गर्न तयार देखिएको छ । यो मौकालाई सदुपयोग गर्दै नेपालको राजनीतिक नेतृत्वले बुद्धिमतापूर्ण निर्णय गर्न आवश्यक रहन्छ । आयोजना माग्न आउने भारतीय सरकारी वा निजी क्षेत्रका कम्पनीलाई बजारको सुनिश्चितताको सर्त राख्दा हात माथि पर्ने देखिन्छ ।

रुसको सस्तो इन्धन उठाएको भए पनि भूराजनीतिक दबाबले भारतका लागि बिजुली संकटमोचनका लागि पानी खोज्नुपर्ने बनाइदिएको छ । आपूर्ति शृङ्खलामा देखिने अवरोध र अनेकन व्यवधानका कारण देशभित्र देखा पर्ने ऊर्जा संकटका साथै आउने महँगीले पनि अर्को विकल्पतर्फ केन्द्रित गरिदिएको छ । यो हाम्रा लागि स्वर्णिम अवसर बन्न गएको छ ।

दुई देशबिच सरकारी स्तर (जी टु जी) मा होस् वा निजी-निजी (बी टु बी) क्षेत्रमा उसले देखाएको चासोलाई सम्बोधन गर्न सकिएको खण्डमा नेपालले बिना लगानी नै ठूलो मात्रामा ऊर्जा प्राप्त गर्न सक्छ । अरुण तेस्रोको मोडलले पनि सोही कुराको पुष्टि गरिदिएको छ । कुल नौ सय मेगावाट क्षमताको आयोजनाबाट नेपालले निःशुल्क रुपमा झण्डै दुई सय मेगावाट (२२ प्रतिशत) बिजुली प्राप्त गर्दैछ ।

तत्कालीन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री पम्फा भुसालले आफ्ना भारतीय समकक्षी आरके सिंहसँग गरेको निरन्तर छलफलको नजिता देखिइसकेको छ । चालु आवमा मात्रै नेपाल विद्युत् प्राधिकरण आठ अर्ब ४४ करोड बराबरको बिजुली निर्यात गर्न सफल भएको छ । पूर्ण अनुमति प्राप्त नहुँदा झण्डै दुई सय मेगावाट बराबरको बिजुली खेर गएको नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको भनाइ छ । उक्त परिमाणको बिजुली निर्यात गर्न पाएको भए झण्डै १५ अर्ब बराबरको आम्दानी स्वीच थिचेको भरमा देशमा भित्रिने थियो ।

यद्यपि, माउण्ट आबुमा गत फागुनमा सम्पन्न नेपाल र भारतका ऊर्जासचिवस्तरीय बैठकले बिजुली निर्यातका लागि थप मार्ग प्रशस्त गरिदिएको ऊर्जा सचिव दिनेशकुमार घिमिरेको भनाइ छ । सचिव घिमिरेका अनुसार सोही बैठकले बंगलादेशमा बिजुली निर्यातका लागि समेत सहजीकरण गरिदिएको छ । नेपालले औपचारिक रुपमा २०७८ को लक्ष्मीपूजाका दिनदेखि नुवाकोटका दुई आयोजनाको ३९ मेगावाट बिजुली निर्यात गरेको थियो । त्यसका लागि पनि तत्कालीन ऊर्जामन्त्री भुसालले नै पहल गरेकी थिइन् ।

खासमा नेपालको बिजुली मौसमी प्रकृतिको छ । वर्षायाममा मागभन्दा बढी उत्पादन हुन जान्छ । हाल प्रणालीको कुल जडित क्षमता झण्डै दुई हजार ६०० मेगावाट बराबर पुगेको छ । आन्तरिक माग वार्षिक रुपमा १० देखि १५ प्रतिशतको हाराहारीमा वृद्धि भए पनि उत्पादित बिजुली शतप्रतिशत खपत हुने वातावरण बनेको छैन ।

वर्षायाममा नेपालमा अधिक उत्पादन हुँदा त्यसलाई भारतमा बिक्री गर्नैपर्ने बाध्यतामा प्राधिकरण छ । उता, सुक्खायाममा भारतबाट आयात गर्नुपर्ने आवश्यकता छ । यो सन्दर्भमा ठूला र जलाशययुक्त आयोजनामा लगानी गर्नुपर्ने बाध्यतामा नेपाल छ । आन्तरिक स्रोतको परिचालन गरेर ठूला र बहुउद्देश्यीय प्रकृतिका आयोजना अगाडि बढाउने सामर्थ्य छैन । त्यसकारण पनि बाह्य लगानी हाम्रा लागि अत्यावश्यक भइसकेको छ । दुई देशबिच एक अर्काको आवश्यकता र बाध्यताले पनि थप लगानी भित्रिने र ठूला आयोजना अगाडि बढ्ने सम्भावना बढाइदिएको छ ।

विसं २०७१ मा लगानी बोर्ड र भारतीय कम्पनी सतलजबीच अरुण तेस्रोका लागि भएको परियोजना विकास सम्झौता (पीडीए)ले धेरै सहज बनाइदिएको छ । त्यसपछि विद्युत् व्यापार सम्झौता पनि हाम्रा लागि वरदानजस्तै बन्नुपर्नेमा त्यसो हुन सकेको छैन ।

सो आयोजना सार्वजनिक निजी साझेदारी अवधारणाको एउटा नमूना परियोजना नै हो भन्दा फरक पर्दैन । हाल सो आयोजनाको भौतिक प्रगति ६५ प्रतिशतको हाराहारीमा पुगेको छ । सन् २०२४ सम्म आयोजना सम्पन्न हुने सम्बद्ध अधिकारीहरुको दाबी छ ।

निर्माण, सञ्चालन, स्वामित्व ग्रहण र हस्तान्तरण (बुट) अवधारणामा निर्माण भएको सो आयोजना २५ वर्षपछि नेपाललाई चालु अवस्थामा प्राप्त गर्नेछ । सो आयोजनामा स्टेट बैंक अफ इण्डिया, कानरा बैंक, पञ्जाब नेसनल बैंक, एक्जिम बैंक र युनियन बैंकले गरेर ८५ अर्ब ९७ करोड रुपैयाँ बराबर ऋण लगानी गरेका छन् ।

यस्तै एभरेस्ट बैंकले १० अर्ब २० करोड र नबिल बैंकले ५ अर्ब १२ करोड रुपैयाँ बराबरको लगानी गरेका छन् । कुल एक खर्ब ४४ अर्ब लागत रहेको आयोजनाको सफल कार्यान्वयनले पनि भारतीय लगानीकर्तालाई आकर्षित गर्न बल मिलेको छ । रातोपाटीबाट

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकी सेना अफगानिस्तानबाट छिटै फिर्ता हुनुपर्थ्यो: प्रतिवेदन

**न्यूयोर्क**/अमेरिकाको एक अनुसन्धानात्मक प्रतिवेदनले अमेरिका अफगानिस्तानबाट अस्वाभाविक र असहज फिर्ती हुनुभन्दा पहिले नै सहजरूपले फिर्ता भएको भए राम्रो हुने देखाएको न्युयोर्क टाइम्सले उल्लेख गरेको छ । राष्ट्रिय सुरक्षा परिषद्ले सन् २०२१ अगष्टमामा अमेरिकी सैन्य उपस्थिति फिर्ताको बारेमा सरकारको निष्कर्ष जारी गर्दै एक्कासि अस्वाभाविक निर्णय गरेको थियो जन निर्णयको सर्वत्र आलोचना भएको थियो ।

काबुलको अन्तरराष्ट्रिय विमानस्थलबाट मानिसलाई बाहिर निकाल्दै गर्दा इस्लामिक स्टेटसमर्थितको आत्मघाती बम आक्रमण हुँदा १३ जना अमेरिकी सेना र १७० भन्दाबढी सर्वसाधारणको ज्यान गएको थियो । अमेरिकी सेना फिर्ता भएको केही दिनमै अफगान सरकारको पतन भएको थियो । ह्वाइट हाउसका प्रवक्ता जोन किर्बीले "स्पष्टरूपमा हामीले अफगानिस्तानमा तालिबान देश भरि कत्तिको तीव्र गतिमा अघि बढिरहेको छ भन्ने कुराको सूचना यहाँ प्राप्त गर्न सकेनौं" भनेर टिप्पणी गरेका छन् । एजेन्सी

## इयुद्वारा इजरायलमा भएको आक्रमणको निन्दा : संयम अपनाउन आग्रह

**ब्रसेल्स**/युरोपेली सङ्घले शनिबार इजरायलमा भएको घातक हमला र लेबनानबाट प्रहार गरिएको रकेट ब्यारेजको निन्दा गरेको छ । सङ्घले सबै पक्षलाई "संयम" अपनाउनका लागि आह्वानसमेत गरेको छ । "ईयुले यस किसिमका हिंसापूर्ण गतिविधिको पूर्णनिन्दा गर्दछ । हिंसा बन्द हुनुपर्छ", ब्लाकका विदेश नीति प्रमुख जोसेप बोरेलले इजरायलमा शुक्रबारको आक्रमणपछि विज्ञप्ति जारी गर्दै उल्लेख गरेका छन् । कब्जा गरिएको वेस्ट बैंकमा गोली हानाहानमा १६ र २० वर्षका दुई बेलायती-इजरायली दिदीबहिनीको मृत्यु भएको र आमा गम्भीर घाइते भएकी छिन् भने तेल अबीभमा साइकल चलाउने बाटोमा हिँडिरहेका मानिसलाई कारले ठक्कर दिँदा एकजना इटालियन पर्यटकको मृत्यु भएको छ भने अन्य सात जना घाइते भएका छन् ।

बोरेलले गाजा पट्टी र लेबनानबाट भएको "अन्यधुन्ध"रकेट फायरको पनि निन्दा गरेका छन् । यसैगरी जेरुसेलमको अल-अक्सा मस्जिदभित्र बुधबार इजरायली प्रहरी र प्यालेस्टिनीबीच झडप भएको हुँदा इजरायलले गाजा र लेबनान दुबैमा प्यालेस्टाइनी लडाकुले रकेट फायर गरेपछि इजरायलले बमबारी गरेपछि हिंसा बढेको बताएको छ । बोरेलले सम्बन्धित सबै पक्षलाई अधिकतम संयम अपनाउन आग्रह गर्दै तनाव कम गर्न र जारी धार्मिक विवाद शान्त पार्न पनि आग्रह गरेका छन् ।" एजेन्सी

## युक्रेनी उपविदेशमन्त्री वार्ताका लागि भारत आउँदै

**नयाँदिल्ली**/युक्रेनका प्रथम उपविदेशमन्त्री एमिने झापरोभा भोलि आइतबार भारतको भ्रमणमा आउनुहुने भएको छ । रुसले युक्रेनमाथि आक्रमण गरेपछि भारतको भ्रमण गर्ने उहाँ पहिलो युक्रेनी मन्त्री हुनुहुन्छ । रुसबाट तेलका साथै सैन्य उपकरण आयात गर्दै आएको भारत मस्कोमाथिको निर्भरताबाट उम्कन सकेको छैनभने पश्चिमा मुलुकहरूबाट एक्लिएको रुससँगको सम्बन्ध सन्तुलन नयाँदिल्लीका निम्ति चुनौतीपूर्ण बनेको छ । मस्कोसँगको लामो समयदेखिको सुरक्षा सम्बन्धले नयाँदिल्लीलाई जटिल कूटनीतक स्थितिमा पुऱ्याएको छ । भारतले युक्रेन र रुसबीचको वैमनस्यातापूर्ण सम्बन्धको अन्त्य हुनुपर्नेमा जोड दिए पनि रुसी आक्रमणको शनिबारसम्म निन्दा गरेको छैन ।

दिल्लीमा रहँदा उपविदेशमन्त्री झापरोभाले विदेश मन्त्रालयका वरिष्ठ अधिकारीसँग युक्रेनको वर्तमान अवस्थाका बारेमा विचार आदानप्रदान गर्ने भारतको बाह्य मामिला मन्त्रालयले शनिबार जारी गरेको विज्ञप्तिमा जनाइएको छ । युक्रेनसँगको भारतको मैत्रीपूर्ण सम्बन्ध तथा साझा चासोका विषयमा बहुपक्षीय एवम् द्विपक्षीय मञ्चहरूमा सहकार्य हुँदै आएको उल्लेख गर्दै विज्ञप्तिमा उपविदेशमन्त्रीको यो भ्रमण आपसी समझदारी र चासोका मामिलामा छलफल गर्न महत्वपूर्ण अवसर हुने बताइएको छ । उहाँले प्रधानमन्त्री नरेन्द्र मोदी वा उहाँको सरकारका मन्त्रीहरूलाई भेट्नेबारेमा विज्ञप्तिमा केही उल्लेख गरिएको छैन ।

गत वर्ष भारतका प्रधानमन्त्रीले रुसी राष्ट्रपति पुटिनलाई 'यो युद्धको समय'नभएको बताउनुभएको थियो । रुसको लामो समयदेखिको सहयोगी भारतले आगामी जुलाईमा आयोजना गर्ने साङ्घाइ सहयोग सङ्गठनको शिखर सम्मेलनमा भाग लिने अपेक्षा गरिएको छ । यसैबीच द हिन्दुको शनिबारको संस्करणमा युक्रेनी उपविदेशमन्त्रीले दिल्लीमा वरिष्ठ सञ्चारकर्मी तथा विद्वत्वर्गसँग बेग्लाबेग्लै भेटवार्ता गर्ने समाचार प्रकाशन गरेको छ । साथै उहाँले प्रधानमन्त्री मोदीलाई युक्रेन भ्रमणको निम्ति आमन्त्रण गर्ने सम्भवना रहेको बताइएको छ । एजेन्सी

# विभिन्न स्थानमा आगलागि हुँदा १३ लाख मुल्य बराबरको क्षति

**राजविराज/सप्तरीको** विभिन्न स्थानमा आगलागि हुँदा नगदसहित लाखौं मुल्य बराबरको धनमाल जलेर नष्ट भएको छ।

राजविराज वडा नं. १५ देउरी भरुवा निवासी धर्मदेव यादवले थ्रेसरबाट गहु दाउने क्रममा आगलगि हुँदा चार जनाको घर, नगद तथा अन्नपात जलेर नष्ट हुँदा अन्दाजी ११ लाख ३५ हजार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

आगलागिमा धर्मदेव यादवको फुसको घर, स्थानिय नारायण मण्डलको फुसको घर तथा नगद १ लाख २५ हजार, कुशे मण्डलको फुसको घर तथा छेबु मण्डलको फुस घरगरि उक्त मुल्य बराबरको क्षति भएको हो।

यस्तै हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १३ गोबरगाढास्थित बिसुनदेब यादवको फुसको घरमा खाना पकाउने क्रममा आगलगी भई हुँदा नगद ६५ हजार, लत्ताकपडा, आखन्न लगायतगरि १ लाख २३ हजार मुल्य बराबरको धनमाल जलेर नष्ट भएको छ।

यस्तै शम्भुनाथ नगरपालिका वडा नं. ३ नरहिया निवासी चुलाही सरदारको परालको टालमा अचानक आगोलागि हुंदा ४० हजार तथा राजविराज नगरपालिका वडा नं. ११ झलही निवासी बालेश्वर यादवको परालको टालमा आगलागी हुँदा १५ हजार मुल्य बरावरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# विंगर र ट्रक ठोकिदा तथा पिकअप भ्यानको ठक्करबाट पाँच जना घाइते

**राजविराज/**विंगर र ट्रक ठोकिदा तथा पिकअप भ्यानको ठक्करबाट पाँच जना घाइते भएका छन्।

शनिबार सप्तरीको कंचनरुप नगरपालिका ८ पूर्व पश्चिम लोकमार्गमा पिकअप र ट्रक ठोकिदा तीन जना घाइते भएका छन्।

पुर्वबाट पश्चिम तर्फ आउदै गरेको प्र.१-०१-००१ज.३५७६ नं. को पिकअप र बिपरित दिशाबाट जादै गरेको ना.७ख.७५८९ नं. को टेलर ट्रक एक आपसमा ठक्कर खादा दुवै गाडीमा सवार तीन जना घाइते भएका हुन्।

घाइते हुनेहरुमा प्र.१-०१-००१ ज.३५७६ नं. को पिकपमा सवार सर्लाहीको ईश्वरपुर नगरपालिका ३ निवासी जितेन्द्र सहनी, २२ वर्षिय निर्मल सहनी र ना.७ख. ७५८९ नं. को टेलर ट्रक चालक सुनसरीको रामधुनी नगरपालिका ४ निवासी ४४ वर्षिय सुरेश कुमार चौधरी छन्।

घाइते तीनै जनाको धर्मेश्वर अस्पताल ठेलियामा भइरहेको तथा दुवै गाडिलाई प्रहरीले नियन्त्रणमा लिई फरार रहेका पिकअपका चालकलाई खोजतलास गरिरहेको जनाएको छ।

यस्तै जिल्लाको रुपनी गाउँपालिका १ रुपनी बजारस्थित पूर्व पश्चिम राजमार्गमा पश्चिमबाट पुर्व तर्फ जादै गरेको को.१ज.३४८८ नं का विंगरले दुई पैदल यात्रीलाई ठक्कर दिएको छ।

सो ठक्करबाट पैदल यात्री जिल्लाको महादेवा गाउँपालिका १ निवासी २२ वर्षिय कृष्ण देव यादव र २० वर्षिय दिपेश कुमार यादव घाइते भएका छन्।

घाइतेहरुको स्थानीय युनिक अस्पतालमा उपचार भइरहेको तथा विंगर र चालकलाई प्रहरीले नियन्त्रणमा लिई घटना बारे थप अनुसन्धान गरिरहेको जनाएको छ।

# थ्रेसरमा कपाल बेरिएर घाइते भएकी महिलाको मृत्यु

**राजविराज/**थ्रेसरमा गहु दाउने क्रममा कपाल बेरिएर घाइते भएकी महिलाको उपचारका क्रममा मृत्यु भएको छ।

सप्तरीको खडक नगरपालिका ८ खेस्राहाका ३५ वर्षिया मैहरुम खातुनले आफनै खेतमा गहु दाउने क्रममा बुधबार थ्रेसरको पटामा कपाल बेरिएर घाइते भएकी थिइन्।

गहुं दाउने क्रममा अचानक थ्रेसरको पट्टामा कपाल फँसी टाउकोमा गम्भिर चोट लागेका उनको उपचारकै क्रममा शुक्रबार बिहान बिराटनगरस्थित गोल्डेन अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ।

आफ्नै खेतमा भाडाको प्रदेश-२-०१-००१ त.०२१५ नम्बरको ट्याक्टरमा लोड भएको गहुँ थ्रेसर मेसिनमा कपाल फस्दा टाउकोको आधी छाला समेत ताछिएको थियो।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी नरेशकुमार सिंहले थ्रेसर मेसिन लापरवाहीपूर्ण तरिकाले प्रयोगमा ल्याउने ट्याक्टर चालक फरार रहेको र उनको खोजि कार्य भइरहेको जनाएका छन्।

# किशोरीद्वारा विषादी सेवन

**राजविराज/**सप्तरीमा विषादी सेवन गर्नेहरु बढ्दै गर्दा शुक्रबार पुनः एक किशोरीले विषादी सेवन गरेकी छिन्।

जिल्लाको शम्भुनाथ नगरपालिका ११ लहरनिया निवासी बलिराम सदाकी १७ वर्षिया छोरी आवहा सदाले नाम नखुलेको विषादी सेवन गरेकी हुन्।

विषादी सेवन पश्चात् बिरामी भएकी उनलाई गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा उपचारका लागि भर्ना गरिएको प्रहरीले जनाएको छ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सैं घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
**राजविराज नगरपालिका, सप्तरी**

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सैं घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८११७२१५२६, ९८१७७८१९८७

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit · CITY EXPRESS · Best Remit · PRABHU Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money

प्रकाशक : श्रीमती सुमित्रा गुप्ता, सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सह-सम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : *saptahiknavin@gmail.com*, वेवसाइट : *rajbirajdainik.com.np*